नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
साइबर ब्यूरो

फोन: ९८५१२८६७७०, ०१-५३१९०४४
Email: cyberbureau@nepalpolice.gov.np
भोटाहिटी, काठमाडौं

मिति: २०८१ चैत ३१ गते।
ने.सं. ११४५

# प्रेस विज्ञप्ति

## फरार प्रतिवादी पक्राउ।

सामाजिक सञ्जाल मार्फत प्रेम सम्बन्धमा रहन गई विवाह गर्ने सम्मका योजना हुँदै गर्दा सम्बन्धमा दरार हुन गए पश्चात्, महिलाले पुरूषको फेसबुक प्रोफाईल नामसँग मिल्दो नाम र फोटो प्रयोग गरी फेक आईडी बनाई निज पुरूष, उसको श्रीमती लगायत नजिकका आफन्तहरुको समेत निरन्तर रूपमा चरित्र हत्या गर्ने गरेको भनी पीडित पुरूषको निवेदन प्राप्त भएको।

साथै पीडित सँग सरोकार नै नभएका अन्य विभिन्न सामाजिक सञ्जाल प्रयोगकर्ताहरूलाई उक्त फेक आईडीबाट समाजमा अपाच्य हुने शब्दहरू प्रयोग गरी चरित्रहत्या गर्ने गरेको भनी निवेदनहरू समेत यस ब्यूरोमा प्राप्त भएकोले सो फेक आईडी बनाई यस्ता गतिविधिमा संलग्न व्यक्ति उपर आवश्यक अनुसन्धान र पहिचान गर्ने क्रममा जिल्ला गोरखा, गोरखा नगरपालिका वडा नम्बर ६ सात धुरे दरवारमार्ग वतन भई रोजगारीको सिलसिलामा मलेसियामा रहेकी वर्ष ३० की विन्दु परियार खुल्न आई निज उपर विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गतको कसूरमा मिति २०८० साल पुस महिनाको ०३ गते मुद्दा दर्ता गरी फरार रहेकोमा खोजतलासका क्रममा इन्टरपोल मार्फत Red Notice समेत जारी भएको र वैदेशिक रोजगारीबाट फर्कने क्रममा नेपाल प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाको समन्वय र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयको सहयोगमा मिति २०८१/१२/३० गते निजलाई पक्राउ गरी अदालती कारबाहीको लागी आजै सम्मानित जिल्ला अदालत काठमाडौंमा पेस गरिएको।

उप-निर्देशक
(दिपक राज अवस्थी)
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नं. ९८५१२८६७७२